# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०　　　संख्याः०६　　　मितिः २०८३/०५/२४

## भाग २

## बन्दीपुर गाउँपालिका

### गाउँ कार्यपालिका कार्यालयको सूचना

### बन्दीपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८०, पहिलो संशोधित २०८३

बन्दीपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८०, पहिलो संशोधित २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०५/२२

| हालको व्यवस्था | संशोधित प्रावधान / थप | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| बन्दीपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८० दफा २ मा परिभाषा परिभाषामा नभएकाले थप गरिएको। | (ड). अनुगमन टोली" भन्नाले कार्यालयले सरोकारवाला सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ।<br>(ढ). "अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप" भन्नाले उपभोक्ता संरक्षण ऐनको दफा १६ बमोजिमका कुनै पनि क्रियाकलाप सम्झनु पर्दछ।<br>(ण). " उत्पादन" भन्नाले कुनै वस्तु बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने, संमिश्रण गर्ने, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने, एसेम्वलिङ्ग गर्ने वा लेबल लगाउने प्रक्रिया वा त्यस सम्बन्धमा अपनाइने कुनै वा सबै प्रक्रिया सम्झनु पर्दछ।<br>(त). "उपभोक्ता" भन्नाले कुनै बस्तु वा सेवा उपभोग तथा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।<br>(थ). "उपभोक्ता संस्था" भन्नाले उपभोक्ताको हक हित संरक्षण, सम्बर्द्धनको लागि प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था सम्झनु पर्दछ।<br>(द). "ऐन" भन्नाले सङ्घीय सरकारद्धारा जारी गरिएको उपभोक्ता संरक्षण ऐन, २०७५ सम्झनु पर्दछ।<br>(ध). "निर्देशिका" भन्नाले गाउँपालिकाको बजार अनुगमन निर्देशिका २०८३ लाई सम्झनु पर्छ।<br>(न). "गुणस्तरहीन वस्तु" भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ।<br>(१) लेवलमा उल्लेख गरिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनु पर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ मिसावट गरिएको, | निर्देशिकामा नभएकाले राख्नु पर्ने। |

| | | |
|---|---|---|
| | (२) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको, फोहोरमैला, विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ्ग वा सुगन्ध प्रयोग गरिएको,<br>३) वस्तुको केही भाग वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,<br>(४) तोकिएको मापदण्ड पुरा नगरी उत्पादन, ढुवानी, संचय, भण्डारण वा बिक्री गरिएको,<br>५) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादकले उल्लेख गरे बमोजिमको गुणस्तर नभएको, अखाध्य वस्तु ।<br>(प) "गाउँपालिका" भन्नाले बन्दीपुर गाउँपालिका सम्झनु पर्दछ ।<br>(फ) "नियमावली" भन्नाले सङ्घीय सरकारद्वारा जारी गरिएको उपभोक्ता संरक्षण नियमावली, २०७६ सम्झनु पर्दछ ।<br>(ब) "लेबल" भन्नाले वस्तु वा वस्तु राखिएको भाँडो वा त्यस्तो वस्तु वा वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्विर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ<br>(भ) "वस्तुको मूल्य" भन्नाले उत्पादन गर्दा तोकिएको मूल्य, लेबल लगाइएको मूल्य, एम. आर.पि., आयात प्रज्ञापन पत्रमा तोकिएको मूल्य वा उत्पादकले श्रोतमा नै तोकेको मूल्य पदार्थ सम्झनु पर्छ । | |

| | | |
|---|---|---|
| बन्दीपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८० दफा ७ मा बजार अनुगमन टोली गठन मा वडागत अनुगमन समिति नभएकाले थप गरिएको। | क. बन्दीपुर गाउँपालाकाको सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक<br>ख. सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधी - सदस्य<br>ग. इकाइ प्रहरी कार्यालय बन्दीपुर/ डुम्रे को प्रतिनिधि - सदस्य<br>घ. उपभोक्ता हित संरक्षणमा क्रियाशिल सामाजिक संस्था वा व्यक्तिहरुमध्ये वाट अध्यक्षले तोकेको गरेको १ जना - सदस्य<br>ङ. तनहुँ उद्योग वाणिज्य संघ बन्दीपुर/ डुम्रे बजार, विमल नगर इकाइ समितिका प्रतिनिधि १ जना - सदस्य<br>च. स्थानीय संचार कर्मी मध्यमवाट मनोनित गरेको १ जना - सदस्य<br>छ. सम्मन्धित वडाका वडा सदस्य प्रतिनिधि - सदस्य<br>ज. सम्बन्धित वडाका वडा सचिव एक जना - सदस्य सचिव | निर्देशिकामा नभएकाले राख्नु पर्ने |
| बन्दीपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८० दफा ८ मा बजार अनुगमन टोलीको काम कर्त्यव्य र अधिकार थप गरिएको। | ज)अनुगमनको क्रममा उपभोक्ता हित विपरित क्रियाकलाप गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने।<br>(झ) समितिले आवश्यक ठानेमा समितिका पदाधिकारीको संयोजकमा विशेष टोली गठन गर्न सक्नेछ<br>(ञ) बजार अनुगमन प्रतिवेदन मासिक रुपमा पेश गर्नुपर्नेछ।<br>(ढ) विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधि अनिवार्य रुपमा समावेश गराउनु पर्नेछ।<br>(त)बिषयगत बिज्ञ वा प्रतिनिधी भन्नाले, जस्तै खाद्य वा कृषि उपजको लागि खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्राविधिक बुझिने छ। | निर्देशिकामा नभएकाले राख्नु पर्ने |
| दफा ११ (छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित<br>पानी,विस्कुट,बेकरी,मिठाई,चकलेट,चाउचाउ,दालमोठ, अन्य प्रशोधित खानेकुरा लगायतका खाद्य तथा | उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, पाउरोटी र प्रशोधित जारकको<br>पानी,विस्कुट,बेकरी,मिठाई,चकलेट,चाउचाउ,दालमोठ, अन्य प्रशोधित खानेकुरा लगायतका खाद्य तथा उपभोग्य | थप स्पष्ट गरिएको |

| | | |
|---|---|---|
| उपभोग्य वस्तुहरू फेला परेमा तत्काल गई कारवाहीको लागि प्रकृया अगाडि बढाउर्ने, | वस्तुहरू फेला परेमा तत्काल गई कारवाहीको लागि प्रकृया अगाडि बढाउर्ने, | |
| दफा ११ मा व्यवस्था नभएको | दफा ११ (ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने। पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने<br>२. गाउँपालिकाले अनुसूची-२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्दा कैफियत देखिएमा तत्काल कारवाही गर्न सक्नेछ। | निर्देशिकामा नभएकाले थप राखिएको। |
| १.दफा ११ को खण्ड (क) र (ख) बमोजिम प्रमाणपत्र नलिएको वा नवीकरण नगरेको पाइएमा बढीमा १५ दिनभित्र त्यस्तो कार्य गरी कार्यालयमा सोको जानकारी पेश गर्न लिखित निर्देशन दिने,<br>२.दफा ११ को खण्ड (ङ), (च), (छ), (ज), (झ) विपरितको कार्यमा सुधार गर्न सम्बन्धित प्रदायकलाई अवस्था हेरी १ महिनासम्म सुधार गरी सोको जानकारी कार्यालयमा गराउन लिखित निर्देशन दिने आवश्यकता अनुसार मुचुल्का उठाई त्यस्ता उपभोग्य वस्तु नष्ट गर्ने वा गराउने, | १.(क) दफा ११ को खण्ड (क) र (ख) बमोजिम प्रमाण पत्र नलिएको वा नवीकरण अद्यावधिक गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने,<br>२.दफा ११ को खण्ड (ङ), (च), (छ), (ज), (झ) विपरितको कार्यमा सुधार गर्न सम्बन्धित प्रदायकलाई अवस्था हेरी १५ दिनसम्म सुधार गरी सोको जानकारी कार्यालयमा गराउन लिखित निर्देशन दिने आवश्यकता अनुसार मुचुल्का उठाई त्यस्ता उपभोग्य वस्तु नष्ट गर्ने वा गराउने, | १.दफा ११ हुनु पर्नेमा १२ भएकाले सच्चाएको।<br>२.नियमन कार्यलाई व्यवस्थित बनाउनका लागि |
| दफा १२. दफा ११ को खण्ड (ञ) बमोजिम बील विजक जारी नगरेकोमा बील विजक जारी गर्न निर्देशन दिने। | ङ) दफा ११ को खण्ड (ञ) अनुसार बिलबिजक जारी नगरेकोमा ७ दिन भित्र अनिवार्य रुपमा बिलबिजक जारी गर्ने व्यवस्था मिलाउन लिखित निर्देशन दिने, | अवधि तोकिएको |
| दफा १२ (ट) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने। पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने, | दफा ११ को खण्ड (ट) विपरितको कार्य गरेको पाईएमा मुचुल्का उठाई त्यस्ता उपभोग्य वस्तुहरु नष्ट गर्ने र तत्काल कारवाहीको लागि सम्बन्धित निकायमा पठाउनु पर्ने, । वा अवरोध गरेमा त्यस्तो नगर्न सजग गराउने वा चेतावनी दिने | निर्देशिका मा नभएको राखिएको। |

| | | |
|---|---|---|
| | र चेतावनीलाई पनि अटेर गरेमा ५ हजार देखि २० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ | |
| दफा १२ | १.दफा ११ को खण्ड (छ) विपरित भएको पाइएमा तत्काल औषधि पसल बन्द गर्न लगाई सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।अवरोध गरेमा त्यस्तो नगर्न सजग गराउने वा चेतावनी दिने र चेतावनीलाई पनि अटेर गरेमा २० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>२. दफा ११को खण्ड (ज) विपरित भएको पाइएमा त्यस्तो नगर्न सजग गराउने वा चेतावनी दिने र चेतावनीलाई पनि अटेर गरेमा ५ हजार देखि २० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । | निर्देशिका मा नभएको राखिएको । |
| दफा १२ उपभोग्य वस्तुमा उत्पादन मिति वा उपभोग्य मिति केरमेट गरेको वा पुन: लेबलिङ वा छपाई गरेको छ वा छैन हेरी पुन: लेबलिङ वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु प्रचलित कानुन बमोजिम मुचुल्का उठाई नष्ट गर्ने, | २.उपभोग्य वस्तुमा उत्पादन मिति वा उपभोग्य मिति केरमेट गरेको वा पुन: लेबलिङ वा छपाई गरेको छ वा छैन हेरी पुन: लेबलिङ वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु प्रचलित कानुन बमोजिम मुचुल्का उठाई नष्ट गर्ने, त्यस्तो नगर्न सजग गराउने वा चेतावनी दिने र चेतावनीलाई पनि अटेर गरेमा ५ हजार देखि २० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । | जरिवाना रकम तोकिएको |
| दफा १२ (३) अनुगमन टोलीलाई बजार अनुगमन गर्ने कार्यमा कसैले बाधा अवरोध गरेमा त्यस्तो कार्यको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने वा अटेर गरेमा २० हजार रुपैयाँसम्म जरिवाना गर्ने सक्नेछ । | अनुगमन टोलीलाई बजार अनुगमन गर्ने कार्यमा कसैले बाधा अवरोध गरेमा त्यस्तो कार्यको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने वा अटेर गरेमा पहिलो पटकमा ५ हजार देखि २० हजार रुपैयाँसम्म जरिवाना गर्ने सक्नेछ । पटक पटकको चेतावनी अटेर गरेमा वा वेवास्ता गरेमा पहिलो पटकको जरिवाना शुल्कमा दोब्बर दस्तुर लाग्नेछ । साथै कार्यालयले शुन्य सहनशिलता अपनाउनेछ । | जरिवाना रकम लाई दोब्बर पारिएको । |
| दफा १३ मा व्यवस्था नभएको । | दण्ड र सजाय सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाको निर्णय, उपभोक्ता हित संरक्षण ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवसायी उपर कानूनी कारबाही र दण्ड सजाय हुनेछ। | निर्देशिकामा नभएकाले थप गरिएको । |

| | | |
|---|---|---|
| | **(१) कसैले पनि गाउँपालिका क्षेत्र भित्र तपसिलका कसुर गरेमा कसुरको मात्रा हेरी अनुगमन समितिले तोकेको निरिक्षकबाट रु. ५,०००/- हजारदेखि रु. २०,०००/- हजारसम्म जरीवाना गर्न सकिनेछ ।**<br>(क).गाउँपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, संचयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो कारोवार संचालन गर्दा गाउँपालिकामा दर्ता नगरी वा अनुमति नलिई कारोवार संचालन गरेमा वा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा संचालन गरेमा ।<br>(ख) तोकिए भन्दा बढी तह कायम हुने गरी वस्तु वा सेवाको बिक्री वितरण गरेमा वा अखाद्य वस्तु बिक्री वितरण गरेको पाईएमा ।<br>(ग) समय(म्याद) गुज्रेको खाद्य सामाग्री बिक्री वितरण गरेको पाईएमा परिणामको आधारमा जरीवाना गरिनेछ ।<br>(घ) गाउँपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा संचय लगायतका विवरण तोकिएको समय भित्र उपलब्ध नगराएमा ।<br>(ङ) कानुनले तोकेको गुणस्तर वा मापदण्ड पुरा नगरी उद्योग, फर्म, व्यवसाय, कारोवार वा सेवा प्रदान गरेमा ।<br>(च) सडे गलेको फलफूल बिक्री वितरण गरेमा वा सोबाट जुस बनाई बिक्री वितरण गरेको पाईएमा ।<br><br>**(२) कसैले पनि गाउँपालिका क्षेत्र भित्र तपसिलका कसुर गरेमा कसुरको मात्रा हेरी अनुगमन समितिले र ५,०००/- हजारदेखि १०,०००/-हजारसम्मको जरीवाना गर्न सकिनेछ ।**<br>(क) गाउँपालिकामा दर्ता गरिएको उद्योग, फर्म, पसल, कारोवार, व्यवसाय, हाटबजार, मेला, महोत्सवले दर्ता वा अनुमति नविकरण नगरेमा ।<br>(ख) सुपथ मूल्यको पसलको मालवस्तुलाई बढी मूल्यमा बिक्री वितरण गरेमा ।<br>(ग) मूल्य सूची तथा दर्ता प्रमाण पत्र नराखेमा | |

| | | |
|---|---|---|
| | (घ) MRP तोकिएको भन्दा बढी मुल्य लिनु<br>**(३)कसैले पनि गाउँपालिका क्षेत्रभित्र तपसिलका कसुर गरेमा कसुरको मात्रा हेरी २० हजार रुपैयाँदेखि ५० हजार रुपैंयाँ जरीवाना गर्न सक्नेछ ।**<br>(क) कृतिम अभावको सिर्जना, जम्माखोरी, कृतिम, मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गर्ने, गराउने गरेमा ।<br>(ख) वस्तु वा सेवाको कारोवार गर्दा गाउँपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानी नोक्सानी गर्ने गरी गतिविधि गरेमा<br>(ग) तोकिएको अधिकतम मूल्य भन्दा बढी हुने गरी वस्तु वा सेवाको बिक्री वितरण गरेमा ।<br>(घ) गुणस्तरहिन अखाध्य वस्तु वा सेवाको उत्पादन, पैठारी वा बिक्री वितरण गर्ने गराउने ।<br>(ङ) अनुचित व्यापारिक क्रियाकलाप गरेमा ।<br><br>(४) उपदफा (१), (२) र (३) बमोजिम जरीवाना गर्ने गरी निर्णय भएको मितिले सात (७) दिन भित्र सो जरीवाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध गाउँपालिकाले त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने र त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री वितरण गर्ने व्यवसायीको अन्य वस्तु समेत रोक्का राख्न सक्नेछ ।<br><br>(७)माथि लेखिएको भन्दा अन्य कसुर गरेको देखिएमा उपभोक्ता हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी विक्री वितरण सम्बन्धी ऐन नियम, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन, लगायतकाको) नापतौल ऐन समेत अधीनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवसायी उपर थप कानुनी कारवाही र दण्ड सजाय गर्न बाधा पर्ने छैन । | |
| दफा १७ बजार अनुगमन कार्यक्रम तथा बजेटः<br>(ख) बजार अनुगमन गर्न खटिएका अनुगमन टोलीका सदस्यहरुलाई प्रति दिन प्रति व्यक्ति ६०० रुपैयाँ | दफा १७ बजार अनुगमन कार्यक्रम तथा बजेटः<br>बजार अनुगमन गर्न खटिएका अनुगमन टोलीका सदस्यहरुलाई प्रति दिन प्रति व्यक्ति १००० रुपैयाँ पारिश्रमिक भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ । | |

| | | |
|---|---|---|
| पारिश्रमिक भत्ताको रुपमा उपलब्ध गराउने व्यवस्था भएको । | | |

आज्ञाले
कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत